नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७७-०३-३१

# प्रेस विज्ञप्ती

**झुट्टा तथा नक्कली मू.अ.कर विजक लेन देन गरी तथा भन्सार चोरी पैठारी निकासी गरी मू.अ.कर र आयकर समेतको राजस्व चुहावट गरेको कसुरमा फर्महरुका संचालक, प्रोप्राईटर तथा मुख्य अभियुक्तहरुबाट ६ अर्व ६० करोड विगो असुल उपर गरी जरिवाना र कैद सजाय समेत हुन मागदावी लिई मिति २०७७-०३-३१ गते उच्च अदालत पाटनमा ४ (चार) वटा मुद्दा दर्ता गरिएको ।**

**१. झुट्टा तथा नक्कली मू.अ.कर विजक जारी गरी राजस्व छलि गर्ने माँ बैष्णो ट्रेड कन्सर्न समेतका ९ वटा विभिन्न फर्मका संचालक/प्रोप्राईटर/मुख्य कारोबारी समेत १९ जनाले रु. २,१६,६५,४९,५३१।- (अक्षरेपी दुइ अर्व सोह्र करोड पैसठ्ठी लाख उनान्चास हजार पाँच सय एकतिस मात्र) राजस्व चुहावट गरेकोले विगो असुल गरी जरिवाना र कैद सजाय समेतको मागदावी लिई मिति २०७७-०३-३१ गते उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको ।**

**माँ बैष्णो ट्रेड कन्सर्न** समेतका ९ वटा फर्म/कम्पनीले वस्तु तथा सेवा खरिद विक्री नै नगरी झुट्टा तथा नक्कली मु.अ. कर विजक मात्र जारी गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको हुँदा तपसिलमा उल्लेखित प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को खण्ड (क), (ख) र (घ) तथा सोही ऐन (पहिलो संशोधन २०७६) को दफा ३ ले निषेधित दफा ४ को खण्ड (क), (ग) र (झ) बमोजिमको कसुर गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **कूल जम्मा विगो रु. २,१६,६५,४९,५३१।- (अक्षरेपी दुइ अर्व सोह्र करोड पैसठ्ठी लाख उनान्चास हजार पाँच सय एकतिस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले उक्त फर्महरुका संचालक/प्रोप्राईटर/मुख्य कारोबारी १९ जना समेतलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा

२३(१), २३(१) (घ) र २३ (४) वमोजिम विगो असुल गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-०३-३१ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

**प्रतिवादीहरु**

| | |
|---|---|
| • राजाराम महतो | • अमितकुमार श्रीवास्तब |
| • जयकिशोर साह | • राम इश्वर महतो |
| • सुरेश ठाकुर | • परमेश्वर साह |
| • पिकींकुमारी पण्डित | • मुकेशकुमार झा |
| • राजकुमार राउत कुर्मी | • राजाराम महतो सुढी |
| • लक्ष्मी महतो धानुक | • उर्मिला कुमारी |
| • कृष्णलाल महतो | • नसिबकुमार झा |
| • सुरेश महरा | • मुहम्मद नास्रुद्दिन आलम |
| • राजेशकुमार कलवार | • निलकण्ठ श्रेष्ठ |
| • रुस्तम देवान | |

२. **झुट्टा तथा नक्कली मू.अ.कर विजक लिई राजस्व छलि गर्ने जयमाताजी ईन्टरप्राईजेज समेतका ४ वटा विभिन्न फर्मका संचालक तथा प्रोप्राईटरहरु समेत ३ जनाले रु. ६१,५४,२२,३९५।- (अक्षेरेपी एक सठ्ठी करोड चौवन्न लाख वाईस हजार तीन सय पन्चानब्बे रुपैया मात्र) राजस्व चुहावट गरेकाले विगो असुल गरी जरिवाना र कैद सजाय समेतको मागदावी लिई मिति २०७७-०३-३१ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**जयमाताजी ईन्टरप्राईजेज** समेतका ४ वटा फर्महरुले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र लिई मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको हुदाँ तपसिलमा उल्लेखित प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को खण्ड (क), (ख) र (घ) तथा सोही ऐन (पहिलो संशोधन २०७६) को दफा ३ ले निषेधित दफा ४ को खण्ड (क), (ग) र (झ) बमोजिमको कसुर गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **कूल जम्मा विगो रु. ६१,५४,२२,३९५।- (अक्षेरेपी एक सठ्ठी करोड चौवन्न लाख वाईस हजार तीन सय पन्चानब्बे रुपैया मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले उक्त फर्महरुका प्रोप्राईटर/संचालक तथा मुख्य कारोबारी समेतलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) (घ)

र २३ (४) वमोजिम विगो असुल गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-०३-३१ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

<u>प्रतिवादीहरु</u>

- बाबुनन चौधरी कलवार
- रोशनकुमार चौधरी
- राज चौधरी

**३. काठमाडौ महानगरपालिका वडा नं. १७ सोह्रखुट्टेमा संचालनमा रहेको हाईटेक ईन्टरनेशनल प्रा.लि.का संचालक समेत २ जनालाई राजस्व चुहावट गरेको अभियोगमा २ अर्व ४२ करोड ९८ लाख विगो कायम गरी उक्त विगो असुल उपर गरी जरिवाना र कैद सजाय समेत हुन मागदावी लिई मिति २०७७-०३-३१ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**हाईटेक ईन्टरनेशनल प्रा.लि.**ले भन्सार विन्दुबाट मालबस्तु पैठारी गर्दा कतिपय मालवस्तु घोषणा नै नगरी लुकाई छिपाई चोरी पैठारी गरी नेपाल ल्याई आफ्नो कारोबार स्थलमा राखेको, कारोबार स्थलबाट केही मालवस्तुको मात्र आधिकारिक विल वीजक जारी गरी धेरै जस्तो मालवस्तुको लुज विल जारी गरी वा न्यून विजकीकरण गरी यथार्थ कारोबारको छुट्टै लेजर खडा गरी अभिलेख राखी कारोबार लुकाई छिपाई यथार्थ कारोवार नदेखाई नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार, मू.अ.कर तथा आयकर छली गरेको देखिंदा उक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क),(ख),(ग) र (छ) (पहिलो संशोधन, २०७६ समेतको) ऐनको दफा ४(क), (ख), (च), (छ) र (ज) बमोजिम कसुर गरेकोले भन्सार चुहावट तर्फ रु.१,७१,५६,२८,१११।-, मु.अ.कर तर्फ रु.५९,२८,१३,०८०।- र आयकर तथा लाभांश कर रु.१२,१४,३४,९४९।- समेत कूल जम्मा **रु.२,४२,९८,७६,१४०।- (अक्षरोपी दुई अर्व वयालीस करोड अन्ठान्नव्वे लाख छ्यहत्तर हजार एक सय चालीस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले हाईटेक ईन्टरनेशनल प्रा.लि.का प्रोप्राईटर तथा उक्त प्रा.लि.का कर्मचारीलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (सं.स.) को दफा २(छ) (१) बमोजिम उक्त रकम विगो कायम गरी राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) र २३ (४) एवं राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (संशोधित) ऐन, २०५२ को दफा २३(१), दफा २३(१)(घ) तथा २३(४) बमोजिम विगो रकम **रु. २,४२,९८,७६,१४०।-** असुल उपर गरी जरिवाना र कैद समेत माग दावी लिई उच्च अदालत पाटनमा मिति २०७७।०३।३१ गते मुद्दा दर्ता गरिएको ।

४. **काठमाडौ महानगरपालिका वडा नं. २२ महावौद्धमा संचालनमा रहेका जे.एस.एस.मोबाईल एण्ड सर्भिसेज प्रा.लि., श्री श्याम इम्पेक्स, श्री श्याम वहादुर कन्सर्न प्रा.लि. र श्री श्याम बाबा इन्टरप्राइजेजका संचालक/प्रोप्राईटर तथा मुख्य कारोबारी समेत ४ जनालाई राजस्व चुहावट गरेको अभियोगमा १ अर्व ३९ करोड ७ लाख विगो कायम गरी उक्त विगो असुल उपर गरी जरिवाना र कैद सजाय समेत हुन मागदावी लिई मिति २०७७-०३-३१ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**जे.एस.एस.मोबाईल एण्ड सर्भिसेज प्रा.लि., श्री श्याम इम्पेक्स, श्री श्याम वहादुर कन्सर्न प्रा.लि. र श्री श्याम बाबा इन्टरप्राइजेज**ले पटक पटक भन्सार नतिरी अवैध रुपमा मेमोरी कार्ड, पेन ड्राइभ लगायतका इलेक्ट्रोनिक्स सामान ल्याई बिल बीजक जारी नगरी बिक्री गर्ने गरेको उक्त फर्महरुको कारोबार सम्बन्धी खातावही, लेजरहरु, नगदी रसिद ल्यापटप, हार्ड डिस्क लगायतका अन्य कागजात एवं प्राप्त सवुत प्रमाणहरुको छानबिनबाट उल्लिखित फर्महरुले कारोबार लुकाउने छिपाउने उद्देश्यले कर प्रयोजनमा पेश गर्ने वाहेक अलग्गै किसिमको आन्तरिक लेखा तथा खाता राख्ने गरेको, सबै बिक्री आम्दानी कर प्रयोजनमा समावेश नगरी आंशिक कारोबारमात्र देखाई नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार, मू.अ.कर तथा आयकर छली गरेको देखिँदा उक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क),(ख),(ग) एवं राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन २०७६) ऐन, २०५२ को दफा ४ को (क), (ख), (छ) र (झ) बमोजिम कसूर गरेकोले भन्सार चुहावट तर्फ रु.१,०१,९८,२३,७१७।-, मु.अ.कर तर्फ रु. ३२,२४,६३,०३९।- र आयकर तथा लाभांश कर रु. ४,८५,१५,२१९।- समेत कूल जम्मा **रु. १,३९,०७,०१,९७५।- (अक्षरोपी एक अर्व उन्नचालीस करोड सात लाख एक हजार नौ सय पचहत्तर मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **जे.एस.एस.मोबाईल एण्ड सर्भिसेज प्रा.लि., श्री श्याम इम्पेक्स, श्री श्याम वहादुर कन्सर्न प्रा.लि. र श्री श्याम बाबा इन्टरप्राइजेज**का संचालक/प्रोप्राईटर तथा मुख्य कारोबारीलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (सं.स.) को दफा २(छ) (१) बमोजिम उक्त रकम विगो कायम गरी राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) एवं राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (संशोधित) ऐन, २०५२ को दफा २३(१), दफा २३(३) तथा २३(४) बमोजिम विगो रकम रु. **१,३९,०७,०१,९७५।-** असुल उपर गरी जरिवाना र कैद समेत माग दावी लिई उच्च अदालत पाटनमा मिति २०७७।०३।३१ गते मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**